प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मिति: २०७७/१०/१४

(बेलुका ५:०० बजे)

### ❖ बागमती प्रदेशको कोभिड सम्बन्धित समग्र जानकारीः

- ❖ बागमती प्रदेशमा जम्मा जनसंख्या* ६२८३९९४ जना।
- ❖ कोभिडकोलागि गरिएको पिसिआर परिक्षणको जम्मा संख्या ११५३६२७ जना ।
- ❖ कोभिडको संक्रमण (पिसिआर परिक्षण पोजीटिभ) जम्मा संख्या १४८७२९ जना ।
- ❖ संक्रमणको जम्मा पोजीटिभ दर १२.८९ प्रतिशत।
- ❖ २४ घन्टामा गरिएको पिसिआर परिक्षणको संख्या ३४८३जना।
- ❖ २४ घन्टामा संक्रमणको पोजीटिभ दर ५.२३ प्रतिशत।
- ❖ सबभन्दा बडी सक्रिय संक्रमण भएका तिन जिल्लाहरु काठमान्डौ, ललितपुर र भक्तपुर हुन् ।
- ❖ सक्रिय संक्रमण सबै जिल्लामा पाइएको छ ।
- ❖ जम्मा आइसीयु बेडको संख्या ४१५,आइसीयु मा भर्ना भएको संख्या ४२ जना ।
- ❖ जम्मा भेन्टिलेटरबेड को बेड संख्या १६०, भेन्टिलेटरबेडमा भर्ना भएको संख्या १४जना।
- ❖ प्रदेशमा भएको पिसिआर प्रोयोगशालाको संख्या ४३; सरकारी २० वटा, गैर सरकारीमा १९ वटा ।
- ❖ पिसिआरको परिक्षण सरकारी संस्थामा ५१.०९% प्रतिशत (प्रदेशमा भएको जम्मा परिक्षणको ), गैर सरकारी संस्थामा ४८.९१% प्रतिशत (प्रदेशमा भएको जम्मा परिक्षणको )।
- ❖ आइसोलेसन, आइसीयु, भेन्टिलेटरको राम्रो तयारी रहेको ।
- ❖ एम्बुलेन्स सेवाको पूर्व तयारी राम्रो रहेको ।
- ❖ अन्य सुरक्षाको सामग्रीको पूर्व तयारी राम्रो रहेको ।
- ❖ समग्रमा संक्रमण घट्ने क्रममा रहेको तर कोभिड संक्रमणकोलागि हुने जोखिमका ब्यबहारहरु अझै उच्च रहेकोले उच्च साबधानी आपनाउनु पर्ने देखिन्छ ।

श्रोतः *HMIS projection FY १८/१९ र सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/१०/१४

## ❖ कोभिड -१९ विरुद्धको अभियानमाः-खोपको ऐतिहासिक शुभारम्भः

- आज मिति २०७७ माघ १४ गते बागमती प्रदेशमा कोभिड -१९ विरुद्धको खोपको शुभारम्भ माननीय मुख्य मन्त्रि श्री डोरमणि पौडेलज्यू बाट शुभारम्भ भयो ।
- यस अभियानमा, प्रदेशमा पहिलो खोप हेटौडा अस्पतालका मे.सु डा. प्रविन श्रेष्ठले लिनु भएको थियो र अधिकांस अस्पतालको मे .सु हरुले पहिलो खोप लिनु भएको छ ।
- प्राप्त बिबरण अनुसार प्रदेश अन्तर्गत ३३ वटा खोप केन्द्र बाट ३५१९ जनाले उक्त खोप लिनु भयो ।
- भक्तपुर , काठमाडौं,सिन्धुली र धादिङमा खोप पश्चात २४ जनामा सामान्य अवान्छित घटनाको रिपोर्टिंग भएको थिया र उहाँ हरुको अवस्था सामान्य रहेको छ ।
- समग्रमा आजको खोप कार्यक्रम उत्साहाजनक र सफल रुपमा सम्प्पना भएको छ ।


## समग्र नेपाल र बागमती प्रदेशको संक्रमणको अवस्था बारे थप जानकारी :


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.७२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २७०३७५(१००%) | १४८७२९(१००%) |
| निको भएको | २६५०६९ (९८.०४%) | १४५३९९(९७.७६%) |
| उपचाररत | ३२८६(१.२४%) | २३४२(१.५७%) |
| मृत्यु भएको | २०२०(०.७५ %) | ९८८(०.६६%) |

श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/१०/१४

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/१०/१४

यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

❖ **गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्या:**

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | २९ | १३ | ४२ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | १३ | १ | १४ |

❖ **गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छः**

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाडौं | १ | ६५ वर्षिया महिला |
| ललितपुर | १ | ६४ वर्षिय पुरुष |
| | | जम्मा — २ |

❖ **निधनको विवरण निम्न बमोजिम रहेको छः**

- काठमाडौंकी ६५ वर्षिया महिला कोभिड भएको कारणले पौष १२ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष १२ गते निधन भएको छ। उहाँको पौष ८ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई कुनै पनि रोगको समस्या थिएन।
- ललितपुरका ६४ वर्षिय पुरुष कोभिड र मुटुमा समस्या भएको कारणले पौष २१ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा माघ १३ गते निधन भएको छ। उहाँको माघ १३ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई गुदा फिशर रोगको समस्या थियो।
- उहाँहरु को दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

### ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड रहेको छ । यस प्रदेशमा ४७०७ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ६१७ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १७२५ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा ११५३६२७ जनाको पिसिआर परिक्षण गरिएको छ र १४८७२९ जनामा संक्रमण देखिएको छ ।थप विवरण निम्न बमोजिम रहेको छ ।

| जिल्ला | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|
| | जम्मा संकलित स्वाब संख्या | जम्मा पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | ६४६०६५ | १०११५१ | १२२ | |
| ललितपुर | २८८९२५ | १६०३६ | १४ | |
| भक्तपुर | २५२०७ | ९१७३ | ९ | |
| रसुवा | ३५८५ | २४२ | - | |
| नुवाकोट | १०६९८ | १५५४ | १ | |
| धादिङ | ६५१९ | १७५८ | ५ | |
| चितवन | ७११७९ | ७८६५ | २७ | |
| सिन्धुली | ४३२१ | ५९० | - | |
| मकवानपुर | ३४३९८ | ४४१० | - | |
| रामेछाप | ३०७३ | ५६७ | - | |
| दोलखा | ३४८४ | ७७९ | २ | |
| काभ्रेपलान्चोक | ४९४५८ | ३५८४ | १ | |
| सिन्धुपाल्चोक | ६७१५ | १०२० | १ | |
| जम्मा | ११५३६२७ | १४८७२९ | १८२ | |

श्रोतः पोजिटिभ केस र होम आइसोलेसनको विवरण स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र र प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्रबाट प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख (२०७७/१०/१४)

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३४२५९ | **परिक्षणको नतिजाआउन बाँकि** | | | | |
| काभ्रेपलान्चोक, धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १७६०२ | **परिक्षणको नतिजाआउन बाँकि** | | | | |
| त्रिशुली अस्पताल प्रयोगशाला | ४२३० | ३६ | ३६ | धादिंग-४<br>नुवाकोट-१ | ३१ | |
| भक्तपुर अस्पताल प्रयोगशाला | १६६१ | १४ | १४ | ० | १४ | |
| सिन्धुली अस्पताल प्रयोगशाला | ४१३ | **परिक्षणको नतिजाआउन बाँकि** | | | | |

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p३.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः https://covid१९.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय : https://covid१९.ndrrma.gov.np/
-कोभिड-१९ संकट ब्यवस्थापन केन्द्रः ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-१९-situation-updates
-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता
डा. पुरुषोत्तम राज सेढाई